# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :- १६६१

मितिः- २०७८/१०/०४

श्री सम्पूर्ण विद्यालयहरु,
मरिण गाउँपालिका, सिन्धुली ।

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०९/२६ गतेको सूचना एवं यस गाउँ कार्यपालिका कार्यालयको मिति २०७८/१०/०४ को निर्णयानुसार देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

**देहायः**

१. संवत् २०७८ साल माघ १५ गते सम्म विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा भौतिक उपस्थितिमा सञ्चालन नगर्ने । उक्त अवधिमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक र विद्यार्थीको सहयोग, समन्वय तथा सहकार्यमा वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका, २०७७ बमोजिम शिक्षण सिकाई योजना निर्माण गरी सिकाईमा आवश्यक सहजीकरण गर्ने ।

२. विद्यालयका प्रधानाध्यापकले नजिकको स्वास्थ्य संस्थासँग सम्पर्क गरी १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरुलाई कोही पनि नछुट्ने गरी तोकिएको दिनमा खोप लगाउने अभियानमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

३. संवत् २०७८ साल माघ ७ गते देखि विद्यालयमा प्रवेश गर्ने सबैले खोपकार्ड अनिवार्य रुपमा साथमा राख्ने कार्यको समन्वय, सहजीकरण र आवश्यक व्यवस्था मिलाउने ।

४. विद्यालयहरुले अर्को सूचना जारी नभएसम्म अभिभावक दिवस वा वार्षिक उत्सव तथा सार्वजनिक कार्यक्रमहरु आयोजना नगर्ने ।

५. विद्यालयहरुद्धारा हालसालै सञ्चालित दोस्रो त्रैमासिक परीक्षाको नतिजा प्रकाशन सम्बन्धी कार्यको लागि आवश्यक तयारी गर्ने ।

६. विद्यालयहरुले उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्दा जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य रुपमा पालना गर्ने, गराउने ।

२०७८।१०।०४

ओम बहादुर दर्जी
**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**